नेपाल सरकार

# खानेपानी मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं.: ४२११६९३
फ्याक्स : ९७७-१-४२११४३३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७६/७७
चलानी नं.:- क.प्र. ६२४

मितिः २०७६/१२/०४

श्री सम्वन्धित सबै ।

विषयः सूचना ।

प्रस्तुत विषयमा यस मन्त्रालयको माग बमोजिम श्री लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरको बढुवा सूचना नं. ५०५/०७६-७७, विज्ञापन नं. ४५४/०७६-७७ र बढुवा सूचना नं. ५०६/०७६-७७, विज्ञापन नं. ५५७/०७६-७७ अनुसार नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, रा.प.अनं.प्रथम श्रेणी सब-इन्जिनियर पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार सम्वन्धमा द्विविधा उत्पन्न भई श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा राय माग गरिएकोमा उक्त मन्त्रालयको प.सं.ब.०७६/७७, च.नं. ४२८, मिति २०७६/१२/०३ को पत्रबाट निजामती सेवा नियमावली, २०५० को नियम ७६ को उपनियम १ को खण्ड (क) अनुसार मन्त्रालय, सचिवालय वा आयोग तथा सो मातहतका विभाग र केन्द्रीय स्तरका कार्यालयहरुमा रिक्त राजपत्र अनंङ्कित प्रथम श्रेणीको पदको लागि सबै मन्त्रालय, सचिवालय वा आयोग तथा सो मातहतका विभाग र केन्द्रीय स्तरका कार्यालयहरुमा कार्यरत सम्वन्धित सेवा, समूह वा उपसमूहका एक श्रेणी मुनीका सबै निजामती कर्मचारीहरु बढुवाको सम्भाव्य उम्मेदवार हुने व्यवस्था रहेको र श्री लोक सेवा आयोगबाट प्रकाशित सूचनामा समेत प्रस्तुत बढुवामा कुन कुन कर्मचारी सम्भाव्य उम्मेदवार रहने व्यहोरा प्रष्ट खोली सूचना प्रकाशन भएको देखिंदा सोही बमोजिम हुन भनी लेखी आएको हुंदा सोही अनुसारका कर्मचारी मात्र बढुवाको सम्भाव्य उम्मेदवार हुन सक्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(कैलाश कोइराला)
शाखा अधिकृत